म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७२ शुक्रबार, २३ माघ २०८२ ने. सं. ११४६ सिल्लागा 6 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

काठमाडौं टप टेलर्स
अब टीसीएन रोडमा...
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित काठमाडौं टप टेलर्स अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

रम्तेल र राईलाई रेडियो मकवानपुरको सामुदायिक सम्मान

## रेडियो आवश्यकता झन बढ्दैः नगरप्रमुख लामा

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेल र हेटौंडाकी अग्रज महिलाउद्यमी ताराकुमारी राईलाई रेडियो मकवानपुरले सामुदायिक सम्मान प्रदान गरेको छ ।



रेडियो मकवानपुरको १६ औं वार्षिकोत्सव एवम् रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देशीय सहकारीको २८ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको समापनमा रम्तेल र राईलाई जनही नगद १० हजार रुपैयाँसहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको हो । समुदायमा उल्लेखनीय योगदान पु¥याएको भन्दै उनीहरुलाई सामुदायिक सम्मान २०८२ प्रदान गरिएको हो । रम्तेलको अगुवाईमा गुम्बाडाँडा पार्क निर्माण हुनुका साथै हेटौंडा-१८ हर्नामाडीमै वैदिक संस्कृत गुरुकुल सञ्चालन भैरहेको छ । गुरुकुलमा दलित तथा गैरदलित बटुकले संस्कृत शिक्षा अध्ययन गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय मूर्तीकला कार्यशालाबाट सुरु भएको गुम्बाडाँडा अहिले मकवानपुरको चर्चित पर्यटकीयस्थलको रुपमा रहेको छ । सम्मानित राई विगत साढे २ दशकदेखि सौन्दर्यकर्मीको रुपमा कार्यरत रहेकी छिन् । उनले हालसम्म ६ हजार जना महिलालाई ब्युटिसियनको तालिम प्रदान गरि सकेकी छिन् । धैरै महिला अहिले पार्लर सञ्चालन गरी स्वरोजगार रहेका छन् । दुवैजनाले सामुदायिक रेडियो मकवानपुरले सम्मान गरेकोमा खुसी व्यक्त गर्दै निरन्तर आफ्नो कर्ममा लाग्न मद्दत पुगेको धारणा राखे । उनीहरुलाई कार्यक्रमका प्रमुखअतिथि हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, रेडियो मकवानपुर अध्यक्ष आनन्दराम पराजुली र दिव्यतारा सहकारीका अध्यक्ष लक्ष्मीदेवी श्रेष्ठले नगद, सम्मानपत्र र दोसल्ला प्रदान गरेका हुन् ।

रेडियो मकवानपुरको वर्ष कर्मचारी सम्मानबाट रेडियोमा कार्यरत प्राविधिक नविन आलेमगर सम्मानित भएका छन् । उनलाई नगद ७ हजार रुपैयाँसहित सम्मान गरिएको हो । रेडियोले वार्षिकोत्सवको अवसरमा २ जनालाई सामुदायिक सम्मान र हरितालिका तीजको अवसरमा २ महिलालाई जागरुक महिला सम्मान प्रदान गर्दै आएको रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए । कार्यक्रममा नगर प्रमुख लामाले लोकतान्त्रिक गणतन्त्र अभ्यास गरिरहेका नेपालजस्ता देशका लागि सञ्चार पहिलो सर्त भएको उल्लेख गर्दै सञ्चारको महत्व असाधारण रहेको बताइन् ।

उनले सामुदायिक रेडियो सार्वजनिक हितका लागि गैरनाफा मूलक उद्देश्यसहित सञ्चालन हुने भएकाले यसको आवश्यकता झन बढ्दै गएको बताइन् । पछिल्ला वर्षहरुमा देखिएको आर्थिक मन्दीका कारण सामुदायिक रेडियो पनि प्रभावित भएको र कतिपय रेडियो बन्द हुने अवस्थामा पुगेको प्रति उनले चिन्ता व्यक्त गरिन् । प्रविधिको दृष्टिले निजी तथा सामुदायिक रेडियो समान भएपनि सामग्री प्रस्तुति र समाजप्रतिको उत्तरदायित्वमा सामुदायिक रेडियो फरक रहेको उनले उल्लेख गरिन् । नगरप्रमुख लामाले रेडियोको प्रभावकारिता इतिहासले प्रमाणित गरिसकेको उल्लेख गर्दै विश्वका युद्धहरु, नेपालका २००७ सालको जनक्रान्ति तथा माओवादी जनयुद्धमा रेडियो प्रयोग भएको उदाहरण दिइन् ।

उनले युद्धमा मात्र नभई ठूला प्राकृतिक विपद्मा पनि रेडियो प्रभावकारी माध्यम बनेको बताइन् । त्यसगरी वाषिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आयोजित मिडिया कप फुटसल प्रतियोगिताका बिजेता टोली टिमटेलिभिजन र उपबिजेता टोली पत्रकार महासंघ मकवानपुर शाखालाई नगदसहित शिल्ड पनि प्रदान गरिएको थियो । फुटसल प्रतियोगिताको फाइनल खेलमा पत्रकार महासंघलाई पराजित गर्दै टिमटेलिभिजनले उपाधि जितेको हो । विजेता टिमलाई १० हजार र उपविजेता टिमलाई ५ हजार रुपैयाँ नगदसहित ट्रफी प्रदान गरिएको थियो ।

यसवर्षको उत्कृष्ट कर्मचारी पुरस्कार रेडियो मकवानपुरका प्राविधिक नवीन आलेमगरलाई ७ हजार रुपैयाँ नगदसहित प्रदान गरिएको थियो । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत रक्तदान कार्यक्रम, संस्कृत वेद विद्यालयलाई खाद्यान्न वितरण, मिडिया कप फुटसल प्रतियोगिता, सञ्चारिका समूहलाई स्यानिटरी प्याड वितरण तथा अन्तर क्रिया लगायत कार्यक्रम आयोजना गरिएको स्टेशन म्यानेजर अधिकारीले बताए । दिव्यतारा बहुउद्देश्यीय सहकारीका अध्यक्ष एवम् प्रदेशसभा सदस्य श्रेष्ठले रेडियो मकवानपुर मकवानपुर जिल्लाको दुर्गमदेखि सुगम क्षेत्रसम्मको आवाज बनेको उल्लेख गरिन् । उनले रेडियोले पीडित तथा अन्यायमा परेकाहरुको आवाज उठाउँदै आएको दाबी गरिन् ।

कार्यक्रममा वडा नं. ८ का वडाअध्यक्ष राम थापा, वडा नं. ११ की वडाअध्यक्ष जुना दाहाल, जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष नारायण देवकोटा, नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका अध्यक्ष बालकृष्ण अधिकारी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता पुष्कर बोगटी तथा रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## मतपत्र छपाइकार्य तीव्र, ७२ लाख बढी मतपत्र तयार



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि मतपत्र छपाइको काम तीव्रगतिमा भइरहेको छ ।

भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्रमा दुवै निर्वाचनप्रणालीका लागि मतपत्र छपाइकार्य जारी रहेको निर्वाचन आयोगले जनाएको छ । बिहिबार प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि मतपत्र छपाइको प्रगतिबारे जानकारी लिएकी थिइन् । उनले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा अवलोकन निरीक्षण गरी मतपत्र छपाइबारे जानकारी लिएकी हुन् । गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हा, प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधर, निर्वाचन आयुक्त सगुनसमशेर जबरासहित निर्वाचन आयोगका पदाधिकारी पनि साथमा थिए ।

आयोगका अनुसार, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीका लागि पुस २२ गतेदेखि सुरु भएको नमुना मतपत्र छपाइ सम्पन्न भइसकेको छ । १० लाख ९८ हजार २०० थान नमुना मतपत्र छपाइ गरी विभिन्न जिल्लामा पठाइसकिएको छ । त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीतर्फका लागि आवश्यक पर्ने दुई करोड आठ लाख ३० हजार थान मतपत्रको छपाइ माघ १३ गते नै सम्पन्न भएको छ । ती मतपत्रको रुजु र प्याकिङ कार्य सकिएर हाल ढुवानीका लागि तयारी अवस्थामा राखिएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ आवश्यक पर्ने दुई करोड तीन लाख २३ हजार मतपत्रमध्ये माघ २२ गते बिहान ८ बजेसम्म ७२ लाख ६० हजार थान छपाइ भइसकेको छ । हालसम्म ५ हजार ८२५ बाकस मतपत्र प्याकिङ भइसकेको आयोगको विवरणमा उल्लेख छ ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुंगा र सुनसरी गरी २५ जिल्लाको मतपत्र छपाइ तथा प्याकिङको काम सकिएको छ । माघ २२ गते बिहानसम्म कुल ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइकार्य सम्पन्न भइसकेको छ ।

## लायन्स र लियो क्लव अफ थाहा पिसको ९ औँ पदस्थापन



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ थाहानगरमा सामाजिक सेवामा सक्रिय लायन्स क्लव अफ थाहा पिसको वर्ष २०२५/२६ का लागि ९ औँ पदस्थापन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा अनित विष्ट अध्यक्ष पदमा निर्विरोध चयन भई पदस्थापन भएका छन् ।

नवपदस्थापित कार्यसमितिमा प्रथम उपाध्यक्षमा नीरज रायमाझी, द्वितीय उपाध्यक्षमा दीपेन्द्रकुमार थिङ, सचिवमा दीपक कार्की, कोषाध्यक्षमा नविना विष्ट, मेम्बरसिप चियर पर्सनमा माधव कार्की तथा एलसिआईएफ कोअर्डिनेटरमा अनन्त ढकाल रहेका छन् । सबै पदाधिकारीलाई डिस्ट्रिक्ट गभर्नर धनिराम बरालले पदस्थापन गराएका हुन् । कार्यक्रममा लियो क्लव अफ थाहा पिसको पनि ९ औँ पदस्थापन भएको छ । लियो क्लवको अध्यक्षमा विनिता वाईबा पदस्थापित भए । लियोका प्रथम उपाध्यक्ष शीतल बिष्ट, द्वितीय उपाध्यक्ष स्मिता विष्ट, सचिव बिराज बिष्ट, कोषाध्यक्ष सृष्टि गोपाली तथा सहसचिव मञ्जरी अधिकारी पदस्थापन भएका हुन् ।

कार्यक्रम लायन्स क्लव थाहाका अध्यक्ष सत्यदेवी स्याङ्तानको अध्यक्षता तथा थाहा नगरउपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा डिस्ट्रिक्ट गभर्नर बरालको विशेष आतिथ्यता रहेको थियो । साथै लायन्स क्लव थाहाका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, लियो अध्यक्ष शिशिरकुमार खत्री, डिस्ट्रिक्ट गभर्नर प्रथम महिला बिष्णु बराल, लायन्स डिस्ट्रिक्ट ३२५ बि नेपालका महेन्द्र पौडेल, गिरधारी शर्माभुसाल, बलराम सुवेदी, शिवराज आचार्य, माधव पाण्डे, दीपक आचार्यलगायत लायन्स तथा लियोका पूर्वअध्यक्षहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा थाहा नगर भित्र विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व तथा संस्थालाई 'लायन्स वर्ष सम्मान' प्रदान गरियो । स्वास्थ्यतर्फ थाहा-१० की महिला स्वास्थ्यस्वयंसेविका श्यामा बस्नेत र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक समाज गोपाली, कृषि तर्फ थाहा-२ का उमेश श्रेष्ठ र थाहा-६ का कृष्ण महर्जन, खेलकुदतर्फ थाहा-५ का कराते प्रशिक्षक तथा रेफ्री मानसिं दोङ र थाहा-२ का भलिबल रेफ्री शंकर कार्की, पर्यटन व्यवसायतर्फ थाहा-४ दामनका सुरथ अधिकारी र थाहा-९ का विजय बस्नेत, कलातर्फ थाहा-१ का विजयश्याम अमात्य, तथा सांस्कृतिक सम्मानअन्तर्गत ऋषेश्वर महिला खैजडी भजन समूह थाहा-४ र थाहा खैजडी भजन महिला समूह सम्मानीत भएका थिए ।

## मृतकका परिवारलाई किरियाखर्च प्रदान



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरको मनहरी गाउँपालिकाले मृतकका परिवारलाई किरिया खर्च उपलब्ध गराउन थालेपछि सर्वसाधारणले राहत महशुस गरेका छन् ।

परिवारका सदस्यको मृत्युपछि काजकिरिया उम्काउन समस्या हुने परिवारलाई खर्चले राहत मिलेको हो । आर्थिक समस्या झेल्दै आएका विपन्न परिवारलाई गत आर्थिक वर्षबाट पालिकाले प्रतिपरिवार २० हजार रुपैयाँका दरले सहयोग प्रदान गर्न थालेको हो । जनप्रतिनिधिले घरमै पुगेर आर्थिक सहयोगसँगै मृत्यु दर्ताको कागजसमेत हस्तान्तरण गर्ने गरेका छन् । गत आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरी मृतकको घरमै पुगेर काजकिरिया गर्नका लागि पालिकाले रकम उपलब्ध गराउने घोषणा गरेको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताए ।

गत वर्ष १ सय ९५ परिवारलाई किरिया खर्चबापत रकम उपलब्ध गराइएको उनले बताए । चालु आर्थिक वर्षमा १ सय ८० परिवारलाई काजकिरिया खर्चबापत ३६ लाख रुपैयाँ उपलब्ध गराइ सकिएको उनले बताए । वडा कार्यालयबाट मृत्युदर्तासहित विपन्नको सिफारिस गरेपछि गाउँपालिका कार्यालयले काजकिरिया गर्न प्रतिपरिवार २० हजार रुपैयाँ नगद उपलब्ध गराउने वडाध्यक्ष राजकुमार पाख्रिनले बताए । 'आर्थिक अभावले किरिया रोकिने अवस्था नआओस् भनेर खर्च दिने गरेका हौं,' उनले भने, 'गाउँपालिकाको यो पारित नीति हो ।'

रकम उपलब्ध गराउन जाँदा समवेदना/श्रद्धान्जली लेखिएको र फलफूलसमेत लिएर जाने गरिएको गाउँपालिका प्रशासकीय अधिकृत रमेश सुवेदीले बताए । चालु आर्थिक वर्षमा किरिया खर्चबापत ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । यो रकम अपुग भए बजेट थप गर्न सकिने व्यवस्था रहेको गाउँपालिकाले जनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# ईन्द्रसरोवरको कोषमा आबद्धता

असंगठित क्षेत्रका श्रमिलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नेपालकै पहिलो गाउँपालिका भीमफेदीको सिको गर्दै थप पालिका यसतर्फ अग्रसर भएका छन् । मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका अनौपचारिकक्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराइने भएको छ । ईन्द्रसरोवर गाउँपालिका र सामाजिक सुरक्षा कोषबीच पालिकाभित्रका स्वरोजगारमा रहेका व्यक्ति र अनौपचारिक (कृषि) क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउने गरी सम्झौता गरिएको हो । सम्झौतासँगै पालिकामा अनौपचारिक क्षेत्र (कृषि) क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम पालिकामा कार्यान्वयन हुने गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए । उनले यो कार्यक्रम कार्यान्वयन गर्न पालिकाले चालु आवमा सात लाख रुपैयाँ बजेट विनियोजन गरेको बताए । गाउँपालिकाको रोजगार सेवाकेन्द्रका रोजगार संयोजक नानीमाया घलानले चालु आर्थिक वर्षमा ५० जनालाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने योजना रहेको बताइन् ।

चालु आर्थिक वर्षमा अनौपचारिक क्षेत्र (कृषि) क्षेत्रमा रहेका श्रमिकलाई प्राथमिकतामा राखेको बताइएको छ । आगामी आर्थिक वर्षमा अन्य क्षेत्रलाई क्रमश: समेट्दै जाने नीति पालिकाले लिएको छ । नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको सम्बन्धित श्रमिकको ११ प्रतिशत र अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको तर्फबाट गाउँपालिकाले ९.३७ प्रतिशत थप गरी २०.३७ प्रतिशत रकम मासिकरुपमा कोषमा योगदान गर्नुपर्ने हुन्छ । सरकारले न्यूनतम आधारभूत पारिश्रमिक हाल १२ हजार १७० रुपैयाँ तोकेको छ । यो रकममा अनौपचारिक क्षेत्रका श्रमिकको एक हजार ३३८ रुपैयाँ ७० पैसा र गाउँपालिकाको तर्फबाट एक हजार १४० रुपैयाँ ३३ पैसा गरी कूल दुई हजार ४७९ रुपैयाँ तीन पैसा मासिकरुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिने छ । कोषमा योगदानपछि कोषबाट सञ्चालित विभिन्न योजनामा श्रमिक सहभागी हुन पाउने छन् । पालिकाले कार्यक्रममा सहभागी हुन आवेदन माग गर्दै एकघर परिवारको एकजनाले मात्र आवेदन दिन पाउने व्यवस्था गरेको छ । यसका लागि वडाको सिफारिशसहितको आवेदन आएपछि छनोट समितिले आवश्यक रुजु गरी सूचीकृत श्रमिकको अन्तिम नामावली प्रकाशित गरिने छ । विश्वमा सामाजिक सुरक्षा प्रणाली सर्वप्रथम जर्मनबाट प्रारम्भ भएको हो । सन् १८८० देखि सन् १८८९ को बीचमा जर्मनीका चान्सलर विस्मार्कले विभिन्न प्रकारका सामाजिक वीमाका रुपमा सामाजिक सुरक्षा प्रणाली सुरु गरेका थिए । जसअन्तर्गत अनिवार्य दुर्घटना वीमा योजना, विरामी योजना, चोटपटक र बृद्धावस्था बीमा रहेको थियो ।

नेपालमा वि.सं. १९९१ मा सैनिकका लागि सैनिक द्रव्यकोषको स्थापनाबाट सुरु भएको सामाजिक सुरक्षाको विकासक्रम वि.सं. २०१९ मा कर्मचारी संचयकोषको स्थापना हुँदै २०४७ मा नागरिक लगानी कोषको स्थापना, वि.सं. २०४८ र २०४९ सालमा श्रम ऐन र श्रम नियमावलीको व्यवस्था भई २०६६ सालमा नियमित रोजगारीमा संलग्न श्रमिकहरुबाट सामाजिक सुरक्षा कर संकलन गर्ने व्यवस्था प्रारम्भ भएको र २०७४ सालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भई नियमावली तथा सामाजिक सुरक्षा कोष कार्यविधि कार्यान्वयन प्रक्रियामा आएको छ । नेपालका सवै प्रकृतिका काममा संलग्न श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको सुरुवात भएको छ । सामाजिक सुरक्षा कोषको रेखदेख, संचालन र व्यवस्थापनका लागि सरकारले सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधि रहेको त्रिपक्षीय सामाजिक सुरक्षा कोष सञ्चालन समिति गठन गर्ने व्यवस्था ऐनमा गरेको छ र सम्बन्धित मन्त्रालयको सिफारिशमा सरकारले सामाजिक सुरक्षा कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्ने, निर्देशन दिने र मुद्दा परेमा वादीको रुपमा प्रस्तुत हुने र कुनै कारणले सामाजिक सुरक्षा योजनामा सहभागी योगदानकर्तालाई सामाजिक सुरक्षा योजना बमोजिमको सुविधा उपलब्ध गराउन कोषमा भएको रकम अपर्याप्त भएमा सामाजिक सुरक्षा योजनालाई निरन्तरता दिने दायित्व हुने व्यवस्था रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २४ गते शनिबार ७ फेब्रुअरी २०२६ । षष्ठी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४९ सूर्यास्त ५:४८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋृणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# नेपाली जनताको खोजी: इमानदार नेतृत्व र व्यवहारिक परिवर्तन



✍कृष्ण प्रसाद अर्याल
बरिष्ठ अधिबक्ता

नेपालको ईतिहासमा नेपाल सरकार बैधानिक कानून २००४, नेपाल अन्तरिम शासन बिधान २००७, नेपाल अधिराज्यको संबिधान २०१५, नेपालको संबिधान २०१९, नेपालको संबिधान २०४७, नेपालको अन्तरिम संबिधान २०६३ पछि नेपाली जनताले गरेको लामो संघर्ष र बलिदानबाट नेपाली जनताले संबिधान सभाको निर्बाचन मार्फत चुनिएका सभासदहरुले सबैसँग रायसुझाब छलफल गरी निर्माण गरीएको नेपालको संबिधान २०७२ लागु भएको पनि १० बर्ष पुग्यो ।

संबिधानको परिकल्पना अनुसार तीन तहको सरकार संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकार गरी तीन तहको सरकारले नेपालमा बिकास गर्ने र नेपाली जनतालाई सुख सुबिधा दिने भनि संबिधानमा मौलिक हकको रुपमा सम्मानपुर्बक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना बिरुद्दको हक, निबारक नजरबन्द बिरुद्दको हक, छुवाछुत तथा भेदभाब बिरुद्दको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनियताको हक, शोषण बिरुद्दको हक, स्वच्छ बाताबरणको हक, शिक्षा सम्बन्धी हक, भाषा र सस्कृतिको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आबासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला बिरुद्दको हकको भनि तमाम मौलिक हकको ब्यबस्था गरियो ।संघ, प्रदेश र स्थानिय तथ बिचको अन्तर सम्बन्धको पनि ब्यबस्था गरियो ।

बिभिन्न आयोगहरु निर्माण गरियो । १० बर्षमा यो संबिधानले परिकल्पना गरेको समाज निर्माण भयो त ? सिंगापुर जस्तो देश बिकास भयो त ? नेपाली जनताले यो मेरो संबिधान र यो मेरो ब्यबस्था राम्रो छ भनि गुणगान गाउने, अपनत्व लिने परिस्थित किन सृजना भएन ? यसमा कसको दोष छ र नेपाली नागरिकहरुले आमुल सकरात्मक परिबर्तनको बाटो खोजी रहेका छन् । देश बिकास गर्ने नेता, भ्रष्टाचार नगर्ने नेता, यो संबिधान र ब्यबस्थालाई जोगाई समाजमा आर्थिक रुपान्तरण गर्ने नेता, बिकास प्रेमी नेता, रोजगार दिन सक्ने नेता, पुराना कानूनको खारेजी र नयाँ समय सापेक्ष जनताको चाहना परिपुर्ति गर्ने खालको कानून बनाउन सकृय हुन सक्ने, संसदमा राम्रो कामको प्रशंसा र खराब कामको खबरदारी गर्ने प्रखर धन र लोभमा नबिक्ने नेताको खोजीमा नेपाली जनता छन् ।

संबिधानमा १० बर्ष पुगे पछि पुनराबलोकन गरिने छ भन्ने छ । अब नेपालमा जातको आधारमा होईन बर्गको आधार, भुगोलको आधारमा संरक्षण गर्ने, सुबिधा दिने कानूनको निर्माण गर्न र एक घर एक रोजगारको निती लिन जरुरी छ ।

अब २०८२ फागुन २१ गते प्रतिनिधी सभाको चुनाब हुदैछ । ओली सरकारले दुई दुई पटक बिघटन गरेको र सर्बोच्चको फैसलाले ब्युतेको प्रतिनिधि सभा पुन जेन-जी आन्दोलनले पुन: बिघटित प्रतिनिधि सभाको चुनाब हुँदैछ । अब नेपाली जनताले आफ्नो गोप्य मतदानको प्रयोग गर्दा कुनै पनि प्रभाब, डर, त्रास र काल्पनीक लोभमा नपरी आफ्नो बिचार, भाबनाले रोजेको उम्मेदवारलाई ईमान्दार भई मतदान स्थलमा उपस्थित भई मतदान गर्नु हामीहरुको कर्तब्य हो । आफूले नचिनेको ब्यक्ति र पार्टीलाई भोट दिनुको कुनै अर्थ छैन । दुख सुख पर्दा चिनेकै ब्यक्ति काम लाग्छ र घर दैलोमा गई आफ्ना कुरा भन्न पाईन्छ ।गोप्य मतदान हो लहै लहैमा नलागौ । हामी बिरामी पर्दा राम्रो डाक्टर, मुद्दा पर्दा मेहनती ईमान्दार वकिल, घर बनाउँदा राम्रो सिप भएको मिस्त्री खोजेर लगाए जस्तै तपाईको क्षेत्रमा उठेका उम्मेदवारमध्ये महिला उमेदवार छन भने सके सम्म महिला उम्मेदवार पुरुष भन्दा धेरै हद सम्म ईमान्दार हुन्छन् ।

मकवानपुरको क्षेत्र न.१ बाट महिला उमेदवार महालक्ष्मी डिना उपाध्यायको पुर्ब ईतिहास पनि राम्रो छ । वहाँ संबिधान सभाको सदस्यमा निर्बाचित भई नेपालको संबिधान २०७२ निर्माणमा वहाको महत्वपूर्ण योगदान रहेको देखिन्छ । वहाँ सामाजिक ब्यक्तित्व पनि हो । वहाँले समाज रुपान्तरणमा सामाजिक संस्था मार्फत, दिब्य तारा बचत तथा ऋृण सहकारी सस्था, रेडियो मकवानपुर मार्फत गरिब जनताको सेवा गरिरहनु भएको पनि देखिन्छ । मलाई थाहा जानकारी भएसम्म वहाँले कसैसंग एक कप चियाको पनि आसा नराखी सबैको काम गर्ने, गरिदिने बानी रहेको छ । क्षेत्र न.२ मा जनजातीको प्रतिनिधित्व गरि रहनु भएका ने.का.मकवानपुरका सभापती तथा बागमती प्रदेश सरकारका प्रमुख राजनैतिक सल्लाहकार बुद्द लामा पनि त्यत्तिकै मेहनती, ईमान्दार पुरानो नेता हो । वहाँलाई भोटहाली जिताउँदा मकवानपुर जिल्लाको बिकासमा थपटेवा पुग्ने देखिन्छ । लेखकले मकवानपुरका मतदातासंग अनुरोध सम्म गर्ने हो । भोट तपाईको गोप्य मतदान माहादान हो । निर्बाचन आयोगले निर्बाचन स्वतन्त्रता, स्वच्छता, पारदर्शीता, मितब्ययीता तथा भयमुक्त बाताबरणमा चुनाब होस् भनि केहि आचारसंहिताहरु जारी गरेको छ ।

सरकारी कर्मचारीहरु, सुरक्षा निकायका पदाधिकारीहरु पुर्ण रुपमा स्वतन्त्र र तटस्थ रही बिना भेटभाब काम कारबाही गर्नु पर्ने कुरा रहेको छ भने राजनैतीक दल र दलका प्रतिनिधीहरुले जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला घरदैलो गर्दा अनुशासित तरिकाले गर्नु पर्ने, बाताबरण मैत्री, प्रदुषण नियन्त्रण प्रबिधिको प्रयोग गर्नु पर्ने, कसैको घरको आसपासमा गई निज र निजको परिवारको सदस्यको सम्बन्धमा बिरोध, प्रदशन गर्न नहुने, जुलुस, आमसभा, कोणसभा भेला गर्दा स्थानिय प्रशासनलाई जानकारी दिई गर्नु पर्ने, पर्चा बितरण गर्न पाईने तर दल वा उमेदवारको निर्बाचन चिन्न, झण्डा अंकित लोगो वा स्टिकर, कपडा, टोपी, क्याप, भेस्ट, टिसर्ट ज्याकेट, कमिज, गम्छा, ब्याज, माक्स लगाउन वा झोला बोक्न नहुने ।

कसैको कार्यक्रम बिथोल्ने, बाधा अबरोध पुर्याउन नहुने, घरदैलोमा २५ जना भन्दा बढीको समूह नहिड्ने, समुहमा १० वटा सम्म झण्डा र चुनाब चिन्न लिएर हिड्न पाईने, बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म मात्रै प्रचार प्रसार गर्नु पर्ने, प्रचार प्रसारमा बालबालिका प्रयोग गर्न नहुने, कसैलाई पनि प्रलोभन पार्ने नगद, जिन्सी बितरण गर्न नहुने, प्रचार प्रसारमा बाजा, गाजा, झाँकी लिएर हिड्न नहुने, कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न, कुनै पनि धर्मको नाममा प्रचार प्रसार गर्न गराउन नहुने, मत माग्न नहुने, कसैले २५ हजार भन्दा बढीको सहयोग गर्न खोज्यो भने बैंक वा बित्तिय संस्था मार्फत गर्नु पर्ने, सानो र कमको बिल रसिद दिएर मात्र आर्थिक सहयोग लिनु पर्ने, अब फागुन १८ गते सम्म मात्र प्रचार प्रसार गर्न पाईने, बिजयी भएको उम्मेदवारले कुनै भोज भतेर गर्न, नगद जिन्सी बितरण गर्न नहुने कुरा पनि छ ।

कसैले निर्बाचन आचार संहिता २०८२ ले गरेको ब्यबस्थाको उल्लंघन गरेमा जिल्ला आचार संहिता अनुगमन समितिका निर्वाचन अधिकृत समक्ष उजुरी गर्न सकिने, उजुरी गर्दा आधार प्रमाण सहित उजुरी गर्नु पर्ने हुन्छ । उजुरी मौखिक वा विद्युतिय माध्यमबाट पनि गर्न सकिन्छ । कसैले निर्बाचन आचार संहिता २०८२ मा उल्लेखित आचारसंहिता उल्लंघन गरेमा निर्बाचन आयोग ऐन २०७३ को दफा २३ बमोजिम १ एकलाख रुपैया सम्म जरिवाना गर्न वा उमेदवारी नै रद्द गर्न सक्ने ब्यबस्था रहेको छ । सबैले कानूनको पालना गरौ । अमुल्य मतदान गरौ ।अबको भाबी प्रतिनिधि सभा नेपालको फुलबारी जस्तो होस् । सबैले गौरब गर्ने खालको होस् ।

प्रतिनिधी सभाले नेपालको संबिधान २०७२ पुन: पुनराबलोकन गरोस, खर्च घटाउने बाटो खोजोस्, पुँजीगत खर्च भन्दा बिकासको बजेट बढी हुने गराउने योजना ऐन नियम बनाउने कुरामा ध्यान पुर्याउन सकोस् । अब कुरा होईन काम गरेर देखाउने बेला आएको छ । अब नेपाली युवाले नेपालमा नै बस्दा फरक पर्दैन भन्ने बाताबरण बनाउन सक्ने, नयाँ नेपाल कुरामा होईन ब्यबहारमा उतार्न सक्नु पर्ने छ ।यस तर्फ प्रतिनिधि सभाका उमेदवारहरु बढी जिम्मेवार हुनुपर्ने म देख्दछु ।

*(लेखक: नेपाल प्रजातान्त्रिक महासंघ मकवानपुरका अध्यक्ष समेत हुन् ।)*

# बदलिएको कांग्रेसका ४ सन्देश

✍भुवन न्यौपाने

राजनीतिक दलको आन्तरिक लोकतन्त्र र भुईं तहका महाधिवेशन प्रतिनिधिहरूमा विधानले दिएको बल कति सर्वशक्तिमान हुनेर हेछ भन्ने कांग्रेसको ऐतिहासिक दोस्रो विशेष महाधिवेशनले प्रमाणित गरेको छ । यसले नेपालको राजनीतिक रूपान्तरणको नवआयामिक चरणको सुरुवात मात्र गरेको छैन, नेपालको राजनीतिक विलखबन्दलाई लयमा ल्याउने सार्थक हस्तक्षेप पनि गरेको छ । जसको नायक बनेका छन्, गगनकुमार थापा र विश्वप्रकाश शर्मा । नेपाली कांग्रेस नेपालको राजनीतिक इतिहासका हरेक मोडहरूको निर्णायक शक्ति हो । मुलुकमा नागरिक अधिकार, राजनीतिक चेतनाको विद्रोहदेखि लोकतान्त्रिक बहुदलीय व्यवस्था, जनआन्दोलन, शान्तिसम्झौता र संविधान निर्माणको नेतृत्व नेपाली कांग्रेसले गरेको हो । गत २३ र २४ भदौको जेनजी विद्रोह स्वाभाविक तर अकल्पनीय थियो । विद्रोहको बीजारोपण हुनुका विभिन्न कारणमध्ये एक कांग्रेस पनि हो । युवा विद्रोहको यो उभारले कांग्रेसमा विधिवत् रूपान्तरणको ठूलै कम्पन सिर्जना गरिदियो । यो कम्पनको ध्वनि मुलुक रूपान्तरणका लागि कति कामयावी होला ? यसले दिएका सन्देश के-कस्ता छन् ? र, अबको राजनीति कता जाने संकेत देखिएको छ ? विश्लेषण गरौं ।

### १. विधिवत् विद्रोहबाट पार्टी रूपान्तरण

नेपाली कांग्रेसको विशेष महाधिवेशन केवल एक संगठनात्मक, लोकतान्त्रिक र बहसको प्रक्रिया मात्र रहेन । यो पार्टीभित्र लामो समयदेखि सुषुप्त अवस्थामा रहेको वैचारिक द्वन्द्व, पुस्तागत असन्तोष र संस्थागत जडता विरुद्ध उठेको विधिवत् विद्रोहको औपचारिक, सशक्त र विशेष मञ्च बन्यो । यही सन्दर्भमा गगन थापा र विश्वप्रकाश शर्माको राजनीतिक भावना, दर्विलो सहकार्य र अदम्य साहसले कांग्रेसभित्रको विद्रोहलाई अराजक नभई संवैधानिक, सांगठनिक र वैचारिक अनुशासनभित्रको रूपान्तरणकारी महाअभियानको रूपमा स्थापित गऱ्यो ।

यसपटक गगन-विश्वको विद्रोह सडकको नाराबाट होइनह पार्टीको विधान, लोकतान्त्रिक अभ्यास र आन्तरिक प्रतिस्पर्धाबाट जन्मिएको हो । भुईंतहका आममानिसले परि वर्तनको चाहना अनुसार पार्टीका महाधिवेशन प्रतिनिधिहरूले दरिलो साथ दिए । संयुक्त रूपमा पार्टी नेतृत्वमाथि प्रश्न उठाए, तर पार्टीमाथि आक्रमण गरेनन् । यही नै यो विद्रोहको मौलिकता हो । जहाँ असन्तोष छ तर, विघटनको ध्येय छैन । जहाँ असहमति र आलोचना छन् तर, विकल्प सहितको समाधान छन् । जसले पार्टीभित्रको शक्तिशाली समूहलाई महाधिवेशन प्रतिनिधिहरूको विधिवत् बलबाट सम्मानपूर्वक विश्राम लगाएको छ । विशेष महाधिवेशनमा गगन थापाले उठाएको मुख्य प्रश्न नेतृत्वको उत्तरदायित्व, कार्यसम्पादन र समयानुकूल निर्णय क्षमतासँग जोडिएको थियो । उनले सत्ता साझेदारी, सरकार सञ्चालन र नीति प्राथमिकतामा देखिएको अस्पष्टतालाई केवल कमजोरी नभई राजनीतिक संकटको संकेतका रूपमा चित्रित गरे । विश्वप्रकाश शर्माले त्यसलाई संगठनात्मक धरातलमा जोड्दै कांग्रेसको कार्यशैली, जनतासँगको संवाद र नैतिक राजनीतिमा आएको क्षयमाथि स्पष्ट प्रश्न उठाए ।

कांग्रेसको इतिहासमा विशेष महाधिवेशन दोस्रोपटक भयो । सधैं नेतृत्वलाई विस्थापित गर्न मात्र होइन, बरु संकटको बेला संगठनलाई नयाँ ऊर्जा दिन पनि विशेष महाधिवेशन प्रयोग भएको पुन:पुष्टि यसपटक भएको छ । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर सहितको परिणाम नीति र नेतृत्व परिवर्तनमा परिणत भएको छ । पार्टी रूपान्तरण र देशको संकटमोचन गर्ने आँट, अडान र आशा देखिएको छ । विशेष महाधिवेशन लगत्तै कांग्रेस नेतृत्व निर्वाचनका लागि उम्मेदवार चयनमा होमिनुपर्ने भयो । २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि उम्मेदवारको मनोनयन पत्र दर्ता गराउने समय ६ माघमा थियो । ४ माघमा निर्वाचन आयोगले विशेष महाधिवेशनलाई वैधानिकता दिएसँगै गगन नेतृत्वको कांग्रेस उम्मेदवार चयनमा होमियो । निकै छोटो समयमा गगन नेतृत्वको कांग्रेसले स्वच्छ, स्वस्थ र पारदर्शी रूपमा १६५ क्षेत्रमा नै टिकट वितरण गऱ्यो ।

पाका पुस्तादेखि युवा, विज्ञदेखि पार्टीमा लामो योगदान गरेका महिला, मधेशी, मुस्लिम र जनजाति जस्ता समावेशी उम्मेदवारहरूले खास कांग्रेसको रूपान्तरण भएको देखे । कार्यकर्ताको तहमा कहीं कतै पनि असन्तोष देखिएन । बरु, त्यसयता संचारकर्मीसँगकै भिडियो अन्तर्वार्तामा गगन थापामा समयको चापका कारण उम्मेदवार चयनलाई अझै बढी लोकतान्त्रिक र पारदर्शी बनाउने प्रयास सार्थक बन्न नसकेको स्वीकारोक्ति देखियो ।

यस अर्थमा, गगन-विश्वको विद्रोह कांग्रेसभित्रको आत्मसुधारको आह्वान बनेको छ । यो विद्रोहले पार्टीलाई कमजोर बनाउँदैन । यदि सही रूपमा ग्रहण गरियो भने यसले कांग्रेसलाई पुन: जनमुखी, विचारमुखी र नैतिक राजनीतिको धुरीमा फर्काउन सक्छ । विशेष महाधिवेशनले देखाएको संकेत स्पष्ट छह यो विद्रोह कुनै व्यक्तिगत पद-प्रतिस्पर्धाको परिणाम मात्र होइन । यो पुस्तान्तरणको अपरिहार्य आवाज हो । पार्टीभित्र दशकौंदेखि एउटै वृत्तमा सीमित नेतृत्व संरचना, निर्णय प्रक्रियामा पारदर्शिताको अभाव र जनआकांक्षासँग असमञ्जस देखिँदै आएको थियो । गगन-विश्वले यही असन्तुलनलाई संस्थागत ढंगले चुनौती दिए । विशेष महाधिवेशनको मञ्च प्रयोग गरेर, प्रतिनिधिहरूको विवेकमा विश्वास गरी परिवर्तन गरे ।

अन्तत:, गगन-विश्वको विद्रोहको सन्देश चेतावनी र सम्भावना दुवै हो । यदि नेतृत्व समयअनुसार बदलिन सकेन भने पार्टी जनताबाट टाढा हुनेछ भन्ने चेतावनी हो । यदि यो विधिवत् विद्रोहलाई सुन्ने, आत्मसात् गर्ने र संस्थागत सुधारमा रूपान्तरण गर्ने साहस गरि यो भने नेपाली कांग्रेस फेरि पनि लोकतान्त्रिक परिवर्तनको अग्रपङ्क्तिमा उभिन सक्छ भन्ने सम्भावना हो । यो विद्रोह बन्दुकको होइन, विचारको हो । यो तोडफोडको होइन, पुनर्निर्माण र विधिको हो । र, यही कारणले गगन-विश्वको विद्रोह केवल व्यक्तिको कथा होइन, नेपाली कांग्रेसको भविष्यसँग जोडिएको रूपान्तरणको सन्देश हो ।

### २. राजनीतिक निकास

विगतदेखि नै कांग्रेसले विभिन्न राजनीतिक आरोह-अवरोहहरू सामना गर्दै आएको इतिहास छ । मुलुकको राजनीतिक निकासका लागि आममानिस, भुईंतहका कांग्रेसका सच्चा कार्यकर्ता, महाधिवेशन प्रतिनिधि, कानुनविद्, राजनीतिक विश्लेषक, विद्वतवर्ग, पत्रकार र शुभेच्छुक नागरिक समाजद्वारा कांग्रेसले महाधिवेशन गरेर चुनावमा नयाँ नेतृत्व र नीति लिएर जनतासमक्ष जानुपर्छ भन्ने चाहना र सुझावले कांग्रेसको रूपान्तरणका लागि ठूलो बल पुगेको छ ।

पछिल्लो तीन दशक पार्टी र सरकारको नेतृत्वमा उस्तै अनुहारको रजगज रहेको थियो । एकातिर समायानुकूल जनअपेक्षाको सम्बोधन भएको थिएन । अर्कातर्फ, जनतामा निकै ठूलो निराशा पैदा भएको थियो । मुलुकको राजनीति सीमित पार्टीका सीमित नेतामा जाम भएर बसेको थियो । जेनजी विद्रोहको धक्काले त्यसलाई भत्काइदियो । भलै धनजनको अकल्पनीय क्षति भयो । तर, शीर्ष नेतृत्वले आत्मसमीक्षा गरेर राजीनामा समेत दिन चाहेनन् । नेकपा एमालेले कर्मकाण्डी महाधिवेशन गऱ्यो । तर, नेपाली कम्युनिष्ट पार्टी, रास्वपा जस्ता अन्य पार्टीले आफूहरूलाई रूपान्तरण गर्न चाहेनन् । नेतृत्वमाथि अनेक प्रश्नहरू उठ्दा पनि मौन रहे । विशेष महाधिवेशनबाट कांग्रेसले नयाँ नेतृत्व र नीति मार्फत मुलुकको राजनीतिक निकासको स्पष्ट सन्देश दिएको छ । कांग्रेसका नवनिर्वाचित सभापति गगन थापाले कांग्रेस बदलेर आएको भन्दै देश बदल्ने संकल्प गरेका छन् । उनले लेखेका छन्- 'बदल्यौं कांग्रेस, बदल्छौं देश' । यही संकल्पका साथ नयाँ यात्रा प्रारम्भ गर्दैछौं हामी । हाम्रो केवल एक ध्येय छ देशको समुन्नति । यसले बदलिएको कांग्रेसको सन्देश प्रवाह गरेको छ ।

कांग्रेसको पछिल्लो परिवर्तनले अन्य पार्टीहरूमा पनि रूपान्तरणको आवाज उठाएको छ । नजिकिंदो चुनावी माहोललाई नयाँ ऊर्जा थपिदिएको छ । पार्टी, नेतृत्व, नीति, उम्मेदवार र एजेण्डाहरूमा बहस शुरु भएका छन् । दलहरू आन्तरिक लोकतन्त्रबाट परिष्कृत हुनुपर्दछ । चुनावमा आफ्नै नीति, सिद्धान्त र बलमा जनताबाट अनुमोदन हुनुपर्दछ । कुनै गठबन्धन, साँठगाँठ र सम्झौताबाट जनतालाई प्रभावित र प्रलोभन पारेर राजनीतिक संस्कारलाई नै संकटमा पार्नुहुँदैन भन्ने सशक्त सन्देश देखिएको छ ।

देशको परिस्थिति भुलेर पपुलिज्मको धङधडीबाट शासकीय व्यवस्था सुदृढ रूपमा चल्न सक्दैन भन्ने विद्वतवर्ग निष्कर्ष सहित चिन्तनमा छ । कांग्रेसको पछिल्लो रूपान्तरणले समाजका सबै शिरामा नयाँ ढंगको बहस सिर्जना भएको छ । लोकतन्त्र लयमा ल्याउने विश्वास देखिएको छ । राजनीतिक विश्लेषक तथा नेता राम कार्की भन्छन्- 'कांग्रेस आफ्नो चरित्रमा फर्किंदा कम्युनिष्ट पार्टी र पपुलिज्म धारका वैकल्पिक शक्तिलाई पनि राजनीतिक लयमा ल्याउने नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ ।' यसर्थ देशको लोकतन्त्र, संविधान र व्यवस्था बचाउने अन्तिम आशा भनेकै नयाँ नेतृत्व, समयानुकूल नीति र जनताको मत हो । राजनीतिक निकास र स्थायित्वका लागि जनताले अब विवेक प्रयोग गर्नुपर्ने समय आएको छ । नेपाली कांग्रेसको नेतृत्व अब मुलुकको राजनीतिक रूपान्तरण योगदानमा मात्र होइन कि कार्यसम्पादनमा पनि उत्तिकै उच्चतम योग्यताका साथ अब्बल, अग्रणी र परिपक्व ढंगले उभिनुपर्ने आवश्यकता छ ।


### ३. नयाा पुस्तामा आशा

कांग्रेसको रूपान्तरणले जेनजी सहितका नयाँ पुस्तामा पनि आशा, ऊर्जा र भरोसा थपिदिएको छ । विधिवत् लोकतान्त्रिक हस्तक्षेपले युवा पुस्तालाई थप हौसला दिएको छ । सुशासनमा प्रतिबद्धता र भ्रष्टाचार निरुत्साहनको बाचाले केही अघिसम्मको डिफेन्सिव कांग्रेसलाई परिष्कृत र अग्रगामी बनाएको छ । कांग्रेसभित्रको लोकतान्त्रिक विधि, राजनीतिक संस्कार, अन्तरपुस्ताको बहस, अग्रजको सम्मान, राजनीतिक योगदान र योग्यता, पार्टीको मूल्यमान्यता, सिद्धान्त, इतिहास वर्तमानको भरोसा र भविष्यको आशाले नयाँ पुस्तालाई पनि आकर्षण गरेको छ । जुन कुरा उनीहरूले समुदाय, सडक र सञ्जाल मार्फत व्यक्त गरेका छन् ।

क्रमश: पृष्ठ-३....

# मतदानबारे कुनै अलमल छ ? घर-घर आउँदैछन् स्वयंसेवक

काठमाडौं/२१ फागुनमा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत मतदाता शिक्षा कार्यक्रम लिएर निर्वाचन आयोग नागरिकका घर-घर पुग्दैछ । आयोगले यही माघ १९ गते मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम नै स्वीकृत गरेको छ । जसअनुसार हरेक वडामा एक/एक जना स्वयंसेवक खटाइँदैछ ।



मतदान प्रक्रियाको विशिष्टता र मतदान गर्ने विधि र प्रक्रियाबारे मतदातालाई जानकारी गराउन सूचना सामग्री तथा कार्यक्रमसम्बन्धी जानकारी प्रवाह गर्ने कार्यलाई मतदाता शिक्षा भन्ने गरिन्छ । यसलाई निर्वाचनसम्बन्धी मतदाता सचेतना कार्य पनि भनिन्छ । यस अन्तर्गत मतदातालाई निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली, मतदान गर्ने तरिका, उम्मेदवार, राजनीतिक दल लगायतका विषयमा जानकारी दिने उद्देश्य राखिएको छ ।

निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जीसीका अनुसार स्वयंसेवकले एक महिनासम्म नागरिकका घर-घर पुगेर मतदान गर्ने तरिकाबारे सिकाउनेछन् । 'मतदाता शिक्षाको कार्यक्रम एक महिनासम्म चल्नेछ । टोल-टोल र घर-घर पुगेर स्वयंसेवकले मतदातालाई प्रशिक्षित गर्नेछन्' उनी भन्छन्, 'भोट कसरी हाल्ने ? कसरी मत सदर गराउने ? के-के गऱ्यो भने मत बदर हुन्छ ? भनेर स्वयंसेवकहरूले मतदातालाई नमुना मतपत्रमार्फत मतदान गर्न सिकाउँछन् ।'

२७५ सदस्यीय प्रतिनिधि सभामा ११० जना समानुपातिक निर्वाचन प्रणालीमार्फत र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत निर्वाचित हुन्छन् । यसपटकको निर्वाचनमा समानुपातिकतर्फ ६३ दलले चुनाव लड्दैछन् । एकल र संयुक्त चुनाव गरेर समानुपातिक तर्फको मतपत्रमा भने ५७ वटा मात्रै चुनाव चिह्न रहनेछ ।

समानुपातिक तर्फको मतदान राजनतिक दललाई गर्ने मतदान हो । यस अन्तर्गत सिंगै देशलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ । दलहरूले प्राप्त गरेको कूल मतका आधारमा सांसदहरू छानिन्छन् । यसका लागि दलहरूले गत पुस १३ र १४ गते समानुपातिक तर्फका उम्मेदारको नाम निर्वाचन आयोगमा बुझाइसकेका छन् ।

त्यसउपर आयोगले अध्ययन गरेर अन्तिम नामावली सार्वजनिक गरिसकेको छ । यसपटक ११० सिटका लागि ६३ वटा दलबाट तीन हजार १३५ उम्मेदवार छन् ।

प्रत्यक्ष तर्फको निर्वाचनमा भने उम्मेदवारले भोट पाउँछन् । सम्बन्धित निर्वाचन क्षेत्रमा खसेको मतमा जसले बहुमत ल्याउँछ उनी विजयी हुन्छ । यस अन्तर्गत निर्वाचित हुने १६५ जनाका लागि सबै राजनीतिक दल र स्वतन्त्र समेत गरी तीन हजार ४०६ जना उम्मेदवार मैदानमा छन् । यस किसिमको मिश्रित निर्वाचन प्रणाली अन्तर्गत नेपालमा यसअघि २०६४, २०७०, २०७४ र २०७९ मा निर्वाचन भइसकेको छ ।

**कसरी छानिन्छन् स्वयंसेवक ?**

मतदाता शिक्षाका लागि स्वयंसेवक छान्ने र नियुक्त गर्ने अधिकार जिल्ला निर्वाचन कार्यालयलाई दिइएको छ । निर्वाचन आयोगबाट स्वीकृत कार्यक्रमअनुसार 'स्कुलका बाल विकास सहजकर्ता, मातृ शिशु कार्यकर्ता, स्थानीय स्वास्थ्य स्वयंसेविका वा सामुदायिक अध्ययन केन्द्रका परिचालकमध्ये एकजना स्वयंसेवक छानिनेछन् । स्वयमसेवकको शैक्षिक योग्यता एसएलसी वा सो सरह हुनुपर्ने भनिएको छ । अनुभवीलाई प्राथमिकता दिइनेछ ।

'अनुभवी हुँदा राम्रो हुने भयो । साथसाथै मतदाता शिक्षाका लागि अग्रसर र तत्परता देखाउने व्यक्ति पनि हुनुपऱ्यो' स्वयंसेवक छनोटबारे आयोगका सहायक प्रवक्ता कुलबहादुर जीसीले संचारकर्मीसँग भने । स्वयमसेवक घर-पुग्नु अगाडि निर्वाचन आयोगले उनीहरूका लागि सातै प्रदेशमा अभिमुखीकरण कार्यक्रम राख्दैछ ।

यो कार्यक्रम आगामी फागुन ३ गतेदेखि सातै प्रदेशमा सञ्चालन हुनेछ । अभिमुखीकरण पछ्चात स्वयमसेवकहरू टोल-टोल र घर-घरमा पुग्नेछन् ।

यसका साथै सञ्चार माध्यमबाट समेत प्रचार/प्रसारका कार्य हुनेछ । यसका लागि आयोगले सरकारी सञ्चारमाध्यमहरूसँग सम्झौता गरेको छ । जसअनुसार सञ्चारमाध्यमहरू (नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति)बाट मतदानको तरिकाबारे सचेतनामुलक समाचार र समाचारजन्य सामग्री सम्प्रेषित हुनेछन् ।

**मतदाता शिक्षा कति आवश्यक ?**

निर्वाचन आयोगले मतदाता, नागरिक र सरोकार वालाको जिज्ञासा तथा प्रश्नहरूको सुनुवाइका लागि कल सेन्टर नै स्थापना गरेको छ । जहाँ दिनहुँ जिज्ञासा तथा प्रश्नहरू पुगिरहेका हुन्छन् । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार निर्वाचनसँग सम्बन्धित विषयमा अलमल भए वा कुनै प्रश्न रहे नि:शुल्क टोल-फ्री नम्बर ११०२ मा कल गर्न सकिन्छ ।

५ माघमा स्थापना भएको कल सेन्टरमा मंगलबारसम्म एक हजार आठ सय बढी जिज्ञासा तथा प्रश्नहरू प्राप्त भएका छन् । ती जिज्ञासा तथा प्रश्नहरूमा धेरैजसो मतदाता शिक्षा र मतदाता नामावली सम्बन्धी छन् ।

राष्ट्रिय परिचयपत्रमा पति र पत्निको नाम फरक छ । यस्तोमा मतदान गर्नका लागि कुनै अवरोध हुन्छ कि हुँदैन ? मतदानका लागि मतदाता परिचयपत्र अनिवार्य हो कि होइन ? लगायतका प्रश्न समेत कल सेन्टरमा पुगेका छन् ।

निर्वाचन आयोगका अनुसार मतदान गर्नका लागि मतदाता नामावलीमा नाम दर्ता भएको हुनु अनिवार्य छ । मतदाता नामावलीमा नाम दर्ता भएका व्यक्तिले मतदान गर्न जाँदा सामान्यतया आफूसँग भएको मतदाता परिचयपत्र साथमा लिएर जानुपर्छ ।

मतदाता परिचयपत्र नभएको वा नासिएको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा जग्गाधनी प्रमाण पुर्जा मध्ये कुनै एउटा सक्कल कागजात साथमा लिएर जाँदा मतदान गर्न पाइन्छ ।

निर्वाचन आयोगमा जिज्ञासा राख्नेले यस्तो जवाफ पाएका छन् । तर, निर्वाचन आयोगको सम्पर्कमा नआएकाहरूलाई यी लगायतका प्रश्न र जिज्ञासाको सम्बोधन गर्नका लागि आयोगले टोल-टोल र घर-घरमा स्वयंसेवक पठाउन लागेको हो ।

कल सेन्टरमा प्राप्त जिज्ञासा तथा प्रश्नले समेत मतदाता शिक्षाको आवश्यकता औंल्याउने निर्वाचन आयोगका अधिकारीहरू बताउँछन् । निर्वाचन आयोगका सहायक प्रवक्ता जीसी भन्छन्, 'दिनहुँ ५०/५५ वटा जिज्ञासा तथा प्रश्नहरू कल सेन्टरमा आउने गरेका छन् । जस्ता प्रश्न र जिज्ञासाहरू आएका छन् त्यसले मतदाता शिक्षाको आवश्यकता स्वत: औंल्याउँदछ ।'

विगतका पनि निर्वाचनको सम्मुख मतदाता शिक्षा सञ्चालन हुने गरेका थिए । मतदाता शिक्षाबाट नागरिकले मतदाता सूचीमा आफ्नो नाम रहे, नरहेको र मतदाता सूचीमा नाम समावेश नभएको अवस्थामा मतदान गर्न सकिने वा नसकिने जस्ता विषयको जानकारी पाउन सक्दछन् ।

निर्वाचन आयोगका अधिकारीहरूका अनुसार व्यवहारत: मतदाता शिक्षा निर्वाचन प्रक्रियासँग सम्बन्धित आधारभूत ज्ञान तथा निर्वाचनका बारेमा जानकारीमूलक सन्देश प्रवाह गर्ने कार्य हो । यस्तो कार्यक्रमले निर्वाचन प्रक्रियालगायत निर्वाचनसँग सम्बन्धित विविध पक्षको सन्दर्भमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउँछ ।

मतदाता शिक्षाले निर्वाचनमा सहभागिता र सदर मत दुवै बढाउने विश्वास पनि गरिन्छ । महिला, युवा, आदिवासी जनजाति, दलित एवं अन्य विशिष्ट समूहलाई निर्वाचनमा सहभागी गराउन समेत मतदाता शिक्षा लगायतका कार्यक्रमले प्रोत्साहित गर्ने आयोगको अनुभव छ । यसका साथै निर्वाचन प्रक्रियाको स्पष्टताले सही बुझाइमा मद्दत पुऱ्याउनुका साथै बदर मत कम गर्नमा समेत मद्दत गर्दछ ।

*(स्रोत: अनलाइनखबर)*

# बदलिएको कांग्रेस...

जेनजी अभियन्ताहरू भन्छन्- 'गगनको शैली आलोचनात्मक मात्र होइन, आत्मालोचनात्मक पनि छ । उनले कांग्रेस सरकारमा हुँदा भएका कमजोरीहरू स्वीकार्ने साहस देखाएका छन् । स्वास्थ्य, शिक्षा, सुशासन जस्ता विषयमा उनी स्पष्ट दृष्टिकोण सहित बोलेका छन् । यो नै आजको राजनीतिमा दुर्लभ गुण हो । सत्तामा हुँदा पनि प्रश्न गर्न सक्ने क्षमता राख्नु असल नेताको छवि हो ।' नेपाली कांग्रेस कुनै साधारण राजनीतिक दल होइन । यो दल नेपालको लोकतान्त्रिक यात्राको इतिहास हो, संघर्षको स्मृति हो र सत्ताको अभ्यास पनि हो । गगन-विश्व कांग्रेसभित्रको असन्तोषको आकस्मिक अभिव्यक्ति होइनन् । लामो समयदेखि कांग्रेसभित्र संस्थागत सुधार, नेतृत्वको उत्तरदायित्व र विचारको पुनर्जागरणको पक्षमा उभिँदै आएका पात्र हुन् । विद्यार्थी राजनीतिबाट हुर्किएको नेतृत्वले सडक, संसद् र संगठन तीनै क्षेत्रमा आफ्नो राजनीतिक चेतना प्रमाणित गरेका छन् । दुवै कांग्रेसका लागि चुनौती सामना गर्ने र सम्भावना पनि देखाउने नेता हुन् ।

गगन-विश्व कांग्रेसलाई 'इतिहासमा सीमित पार्टी' होइन, 'गर्विलो इतिहास सहितको भविष्यमुखी पार्टी' बनाउन चाहन्छन् । नेतृत्व उत्तराधिकारी होइन, उत्तरदायी हुनुपर्छ । कांग्रेसको ऐतिहासिक दायित्व केवल सत्ता प्राप्ति होइन, लोकतन्त्रको रक्षा र समाजको रूपान्तरण हो । आज देश बेरोजगारी, भ्रष्टाचार, निराशा र वैदेशिक पलायनको संकटमा छ । यस्तो बेला कांग्रेसभित्र नयाँ ऊर्जा, नयाँ दृष्टिकोण र नवीन कार्य आवश्यक छ । गगन-विश्वले ढकढकाएको ढोका वास्तवमा एउटा व्यक्तिको ढोका होइन । यो कांग्रेस र मुलुकको भविष्यतर्फ खुल्ने ढोका हो ।

**४. शासकीय सुधारको आशा**

विशेष महाधिवेशन मार्फत केही महत्वपूर्ण शासकीय सुधारका विषयहरू उठान भएका छन् । निर्वाचनपूर्व गठबन्धनको अन्त्य, दुई पटक प्रधानमन्त्रीको कार्यकाल, समयानुकूल संविधान संशोधन, कानून निर्माणलाई तीव्रता, कार्यान्वयनमा प्रभावकारिता रहेका छन् । कांग्रेसमा आएको रूपान्तरणले बुद्धिजीवी, कर्मचारी र प्रबुद्ध व्यक्तिहरूमा पनि नयाँ आशाको सञ्चार भएको छ । कांग्रेसको आन्तरिक लोकतन्त्र र मुलुकको राजनीतिक रूपान्तरणलाई नजिकबाट नियाल्दै आएको विद्वतवर्गले मुलुकको शासकीय सुधारमा अपेक्षा गरेका छन् ।

निर्वाचन र सत्ता सुधार का लागि गठबन्धनको अन्त्य, सांसद्, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिको कार्यकाल संविधानमा नै तोक्ने, प्राइमरी निर्वाचन, नो भोटको व्यवस्था, विदेशमा रहेका नागरिकलाई मतदान व्यवस्था गर्ने नयाँ प्रस्ताव रहेका छन् । सुशासनका लागि सार्वजनिक पदमा रहेका सबैको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने । कुनै पनि सार्वजनिक पदको शपथ लिनुअगाडि सम्पत्ति विवरण सार्वजनिक अनिवार्य गर्नुपर्ने । भ्रष्टाचारको आरोप लाग्नासाथ नेता वा सदस्य स्वत: निलम्बन हुने पार्टीले कसैलाई पनि संरक्षण नगर्ने शून्य सहनशीलता अपनाउने । आन्तरिक सुशासन आयोग गठन गर्ने ।

सार्वजनिक सेवा सुधारमा सहजका लागि क्षतिपूर्ति सहितको सेवा सञ्चालन गर्ने । नागरिकता, कर जस्ता सेवा एकद्वार प्रणालीबाट डिजिटल प्रणालीमा लागू गर्ने । संवैधानिक निकाय र विश्वविद्यालयमा दलीय भागबण्डा हुने छैन । नियुक्ति योग्यताका आधारमा गरिनेछ । पार्टीका सदस्य तथा पूर्वकर्मचारी अवकाशको दुई वर्षसम्म संवैधानिक नियुक्ति नपाउने ।

एक व्यक्ति जीवनमा एक पटक मात्र समानुपातिक सांसद् बन्न पाउनेछन् । विभिन्न क्षेत्रका विज्ञलाई पार्टीमा सिधै ल्याउन 'ल्याटर ल इन्ट्री'को व्यवस्था गरिनेछ । समावेशिताका लागि सिंगल रोटेशन निर्वाचन अवधारणा अघि बढाउने, आर्थिक नीतितर्फ आत्मनिर्भर अर्थतन्त्र रेमिटेन्सको निर्भरतालाई हटाउँदै, उत्पादन, ऊर्जा र पर्यटनमा जोड दिने भनिएको छ । विकासमा ढिलासुस्ती रोक्न सार्वजनिक खरिद कानून फेरिने र प्रक्रियालाई पारदर्शी बनाउने विषयले शासकीय सुधारलाई संकेत गरेका छन् ।

यसबीच, कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले सभापति गगन थापालाई आगामी प्रतिनिधिसभा चुनावमा प्रधानमन्त्री पदको उम्मेदवार बनाएर जाने निर्णय गरेको छ । उनकै सारथी उपसभापति विश्व प्रकाशले प्रधानमन्त्रीको घोषणाका लागि पाँच आधार तय गरेका छन् । व्यक्तिगत पृष्ठभूमि, राजनीतिक संस्कार, राजनीतिक योगदान, योग्यता र भिजन जस्ता मापदण्डका आधारमा कांग्रेसले गगनलाई आगामी प्रधानमन्त्रीको उम्मेदवार तय गरेको छ । विगतदेखि नै गगन थापाले समुन्नत नेपाल, सम्मानित नेपाली भन्ने नारामा आधारित रहेर विभिन्न विज्ञहरू सहित प्रोजेक्ट गभर्न्यान्सको बहस र तयारी गरिरहेका छन् ।

नि:सन्दे आमजनता र कांग्रेसजनमा गगन-विश्वप्रति विश्वास र अपेक्षा बढ्दो छ । यथास्थितिवाद र परम्परावादको आलोचना खेपिरहेको दललाई नवआधुनिक र चलायमान संगठन बनाउनेतर्फ पछिल्लो केन्द्रीय समितिका बैठक, महासमितिमा प्रस्तुत प्रतिवेदन, पार्टीका कार्यक्रमहरू, सरकारको कार्यसम्पादनमा सहयोग र खबरदारीका साथै यसअघि संसद्मा दरिलो उपस्थितिहरूको इतिहासले दर्बिलो संकेत पनि गरेका छन् ।

पार्टीको नेतृत्व पुस्तान्तरण भएको छ । अब सरकारको नेतृत्व नयाँ पुस्ताले सम्हालेको देख्ने चाहना कांग्रेसजन मात्र होइन आममानिसको पनि हो । पछिल्लो समय कांग्रेस कतिपय समयानुकूल नीतिहरूमा स्पष्ट हुनुपर्ने आवश्यकता देखिएको छ । पार्टीको आन्तरिक लोकतन्त्रदेखि मुलुकको लोकतान्त्रिक दिशा निर्धारण गर्नु साथै सरकार सञ्चालनमा नयाँपन र नतिजा चाहिएको छ ।

जेनजी विद्रोहपछि नेपालमा नयाँ राजनीतिक शक्तिहरूको उदय भएको छरु । पुराना दलमाथि विभिन्न कोणबाट रूपान्तरणको चुनौती थपिएको छ । गगन-विश्वका पछिल्ला कार्यहरू समयानुकूल, संयमित र प्रभावकारी देखिन्छन् । अब नतिजा र डेलिभरीमा देखिनु जरूरी छ ।

एकातिर, पपुलिस्ट राजनीतिको उदय र अर्कातर्फ बलियो संगठन सहित एमालेसँगको पार्टी प्रतिस्पर्धा गर्न पनि कांग्रेसमा कुशल, भिजनरी र परिपक्व नेतृत्व चाहिन्छ । यस्तो अवस्थामा परम्परावादी सोच, यथास्थितिवादी कार्य र भ्रष्टाचारको आरोपलाई चिर्न आवश्यक छ । लोकतान्त्रिक पार्टीको पहिचान सहित आवश्यक समयमा मुलुकको नेतृत्व गरेको कांग्रेसले अब मुलुकको सुशासन र समुन्नतिको मार्गलाई डोऱ्याउने नेतृत्वको खाँचो छ । त्यसका लागि गगन पुस्ता पार्टीको नेतृत्वमा पुगेको छ अब सरकारको नेतृत्वको लागि पनि अब्बल देखिनु अनिवार्य भइसकेको छ ।

विगतदेखि वर्तमानसम्म हेर्दा संसद्, सडक, सरकार र सामाजिक सञ्जालमा विभिन्न कोणबाट नेताहरूको विवेचनात्मक मूल्याङ्कन, आलोचना र समर्थन गर्ने क्रम तीव्र छ । पछिल्लो पटक संसद्मा समाजका मुद्दाहरू सभापति गगन थापाले निकै परिपक्व र दरिलो ढंगबाट उठाएका उदाहरण छन् ।

*(साभार: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

# प्रदर्शनपूर्व 'कुमारी'लाई सफलता: 'डोको बुन्ने' गीतलाई करोड भ्यूज



काठमाडौं/गत कात्तिकमा प्रदर्शन भएको फिल्म 'वरिष्ठ बलराम'को 'न्याउली वनैमा'पछि नेपाली फिल्मका गीतहरू दर्शकमाझ उत्ति लोकप्रिय हुन सकेका थिएनन् । यो शून्यतालाई लभस्टोरी फिल्म 'कुमारी'को 'डोको बुन्ने निगालो चोयाले' गीतले परिपूर्ति गरेको छ । एक महिनाअघि युट्युबमा रिलिज भएको यो गीत अहिले सर्वाधिक सुनिनेमध्ये पर्छ । टिकटक त यही गीतले कब्जा गरेको छ ।

यसै क्रममा 'कुमारी'को उक्त गीतले युट्युबमा ठूलो सफलता हासिल गरेको छ । बुधबार साँझ युट्युबमा गीतलाई एक करोडभन्दा बढी पटक हेरिएको छ । टिकटकमा गीत भाइरल भएपछि युट्युबमा भ्यूज ह्वात्तै बढेको थियो । टिकटकमा पनि गीतमाथि ५० लाखभन्दा बढी भिडियो बनिसकेका छन् भने रिल्स र शर्टस् पनि हजारौंको संख्यामा बनेका छन् ।

केहर सिंह लिम्बूको स्वरमा रहेको 'डोको बुन्ने' गीत लोकप्रिय हुँदा त्यसले फिल्मको हाइप निर्माणमा ठूलो भूमिका खेलेको छ । यसको प्रभाव फिल्मको व्यापारमा देखिने अपेक्षा गरिएको छ । फिल्मका अन्य दुई गीत 'तिमी बिना' र 'कता छौ' पनि युवापुस्ताले रूचाएका छन् । यसरी हेर्दा गीतसंगीतमा फिल्म सफल भएको देखिन्छ । अब फिल्म स्वयंको परीक्षा भने शुक्रबारबाट हुँदैछ ।

बुधबारबाट देशभरका हलले फिल्मको शो तालिका सार्वजनिक गर्दै अग्रिम टिकट बुकिङ खुला गरिसकेका छन् । फिल्मले पहिलो दिनका लागि देशव्यापी १४१ शो पाएको खल्ती एपमा देखिन्छ । नयाँ कलाकारको फिल्मले यो संख्यामा शो पाउनु उत्साहजनक हो । यसले फिल्मप्रति प्रदर्शकहरू (हल व्यवसायी)ले ठूलो अपेक्षा राखेको प्रस्ट देखाउँछ ।

दिनेश राउतको निर्देशनमा बनेको यस फिल्ममा अबिषेक खड्का र आकृति राजभण्डारीको मुख्य भूमिका रहेको छ । घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ लगायतको पनि अभिनय रहेको फिल्मका निर्माता महेन्द्र अधिकारी हुन् । यसमा विकास सुवेदीको लेखन, सुसन प्रजापतिको छायाङ्कन तथा सुप्रिम पराजुलीको सम्पादन रहेको छ ।

# 'श्री बुकुरो'को ट्रेलरमा आमा र घरको कथा



काठमाडौं/सुदीप भुपाल सिंहको निर्देशनमा बनेको फिल्म 'श्री बुकुरो'को मर्मस्पर्शी ट्रेलर सार्वजनिक गरिएको छ । साढे तीन मिनेट लम्बाइको ट्रेलरले फिल्मको कथावस्तु, केन्द्रीय द्वन्द्व र कथाको सेटिङबारे प्रकाश पारेको छ । परिवारभित्रको सम्बन्ध र टकरावलाई केन्द्रमा राखिएको ट्रेलरले एउटी आमाका लागि जन्मघरको महत्त्व देखाउन खोजेको छ ।

काव्यिक शैलीमा तयार पारिएको ट्रेलरमा श्रीमानको मृत्युपछि पनि सन्तानको जिम्मेवारी सम्हालेर बसेकी आमाको आफ्नो जन्मघर पुग्ने इच्छा पूरा गर्न सन्तानले गरेको संघर्षलाई देखाइएको छ । त्यसक्रममा परिवारमा आउने उतारचढावसँगै फिल्मका मुख्य जोडी आशीर्वाद क्षेत्री र निकिता आचार्यबीचको बाल्यकाल देखिको प्रेमलाई पनि ट्रेलरमा समेटिएको छ ।

निर्देशक भुपाल स्वयंको लेखन रहेको यस फिल्ममा आशीर्वाद र निकितासहित लक्ष्मी गिरी, प्रतिकराज आचार्य, रोशनी कार्की, राजन इशान, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रामबाबु रेग्मी, रश्मी भट्ट, उत्तम केसी, गीता थापा, सपना श्रेष्ठ लगायतका कलाकारहरूको अभिनय रहेको छ । रुबी सेन सिंह फिल्मकी निर्मात्री हुन् ।

फागुन १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा सञ्जय लामा र राजेश श्रेष्ठको छायांकन, विक्रम कार्कीको ब्याकग्राउन्ड स्कोर, आईड्रिम एनिमेसनको भिएफएक्स, मनोरञ्जन श्रेष्ठको कलर ग्रेडिङ, सुरज तामाङ र प्रवीण सिंहको कोरियोग्राफी तथा बनिष शाह, चन्दन दत्त र परिच्छेद सेनको सम्पादन रहेको छ । फिल्मका गीतमा रञ्जीत गजमेर र बसन्त सापकोटाले संगीत दिएका छन् ।

# 'शिवांश'को ट्रेलरमा प्रवीणको साधु अवतार

काठमाडौं/आगामी फागुन १ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'शिवांश'को ट्रेलर सार्वजनिक गरिएको छ । साढे तीन मिनेट लम्बाइको ट्रेलरले साधुको भेषमा आपराधिक क्रियाकलापमा संलग्न पात्रको कथा पेश गरेको छ । ट्रेलरको केन्द्रमा अभिनेता प्रवीण खतिवडा छन्, जो साधुको भेषमा दैवी शक्ति प्राप्तिको लागि अपराध गरिरहेका देखिन्छन् । साधु वा जोगीको आवरणमा कतिपय व्यक्ति कसरी अपराध गरि रहेका हुन्छन् भन्ने यथार्थलाई ट्रेलरले उजागर गरेको छ । ट्रेलरमा एउटा दिव्य शिला (ढुंगा)लाई शक्तिको प्रतीकका रूपमा देखाइएको छ, जसले फिल्मको कथा दैवी शक्तिमा आधारित रहेको प्रस्ट पार्छ । फिल्मले पौराणिक कथालाई आधुनिक यथार्थसँग जोडेर प्रस्तुत गरेको संकेत पनि ट्रेलरले दिएको छ ।

यो फिल्मको विशेष पक्ष भनेको भारतीय गायक कैलाश खेरको स्वर हो । ट्रेलरको सुरूवात नै उनले गाएको 'शिव ताण्डव' गीतबाट हुन्छ, जसले दर्शकलाई आध्यात्मिक भावमा डुबाउँछ । साथै, छायांकन, पृष्ठभूमि संगीत र भीएफएक्सले फिल्मलाई स्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । आध्यात्मिक कथा मन पराउने दर्शकका लागि यो फिल्म रुचिकर बन्ने देखिन्छ ।

अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुति रहेको यस फिल्मका निर्देशक सन्तोष कुमार आत्रेय हुन् । अञ्जान केसी निर्माता रहेको फिल्ममा प्रवीण खतिवडा, तेज गिरी, रुषा न्यौपाने, विमला लिम्बूलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### बिजय गौतमको अपिल:

# 'यो मेरो होइन, यो भूगोलको भविष्यको फैसला हो'

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बढ्दै जाँदा मकवानपुर क्षेत्र नम्बर १ अन्तर्गत बकैया गाउँपालिका-५ (राजदमार र कर्मचुली) तथा बकैया-६ (जुनेलीबस्ती) मा आयोजित अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचार प्रसार कार्यालय उद्घाटन कार्यक्रमले चुनावी माहोललाई थप तातो बनाएको छ ।

स्थानीयको उल्लेख्य उपस्थितिले कार्यक्रमलाई थप उत्साहपूर्ण बनाएको हो । मकवानपुर क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार बिजय गौतमले देशको वर्तमान संकट समाधानका लागि नेकपाको जीत अपरिहार्य भएको बताए । उनले राष्ट्रिय स्वाधीनता, सुशासन र सामाजिक न्यायको मुद्दालाई चुनावको केन्द्रमा राख्दै, 'यो चुनाव कुनै व्यक्तिको जीतहारको विषय मात्रै होइन, यो भूगोलको भविष्यको फैसला हो,' भने । गौतमले आफू बकैयामै हुर्किएको, यहीँ पढेको र यही माटोसँग गाँसिएको उम्मेदवार भएको स्मरण गराउँदै स्थानीयका पीडा र आवश्यकता आफूले नजिकबाट बुझेको बताए ।

'यसअघि जितेका धेरै नेता गाउँ फर्किएनन् भन्ने गुनासो सुनेको छु । म यो ठाउँबाट भाग्ने उम्मेदवार होइन, यहीँका समस्या लिएर यहीँका मानिससँगै लड्ने उम्मेदवार हुँ' उनको भनाइ थियो । उनले युवापुस्ताको चाहना र आक्रोशलाई सम्बोधन गर्दै, युवाको ऊर्जा र अनुभवको संयोजनबाट मात्रै देशलाई नयाँ दिशामा लैजान सकिने धारणा राखे । कार्यक्रममा सहभागी स्थानीयले गौतमलाई 'आफ्नै पालिकाको छोरो' भन्दै तारामा मतदान गरेर जिताउने प्रतिबद्धता व्यक्त गरे ।




नेताहरुले नेकपा देशलाई जोगाउन अग्रपंक्तिमा उभिएको भरोसायोग्य शक्ति भएको उल्लेख गर्दै, अब जनमतले पनि देशको रक्षा र रुपान्तरणको जिम्मा नेकपालाई दिन तयार भएको बताए । संविधानलाई जनमैत्री बनाउनेदेखि विकासका ठोस कार्यक्रम कार्यान्वयन गर्नसम्म नेकपाको भूमिका निर्णायक हुने उनीहरुको भनाइ थियो ।

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु', केन्द्रीय सदस्य तथा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, बागमती प्रदेश कमिटी सचिवालय सदस्य लक्ष्मी माझी 'कृपा', प्रदेश कमिटी सदस्य जीवन गोले, सुमन पाखिन, परशुराम गौतम, पार्टी नेता गोकर्ण खनाल, मोतिलाल सिंगार, बकैया गाउँपालिका संयोजक बिमल नेपाल, वाइसीएल मकवानपुर अध्यक्ष मुक्ति लामा, अखिल क्रान्तिकारी मकवानपुर अध्यक्ष बुद्धराज अर्याल, प्रेस सेन्टर बागमती प्रदेश अध्यक्ष ध्रुव अधिकारीलगायतले सम्बोधन गरेका थिए ।

यसैबीच बकैया-६ का शहीद परिवार समित थिङलाई सम्मान गरियो । वक्ताहरुले शहीदको बलिदानकै कारण आजको राजनीतिक अधिकार सम्भव भएको उल्लेख गर्दै, त्यसको रक्षा र विकासको जिम्मेवारी वर्तमान पुस्ताको काँधमा रहेको बताए । स्थानीयस्तरमा देखिएको यो उत्साह र सहभागिताले मकवानपुर क्षेत्र नम्बर १ मा नेकपाको चुनावी अभियान थप बलियो बन्दै गएको संकेत गरेको छ । 'जीतको नजिक, सबैको साथ' भन्ने नारासहित अघि बढेको नेकपाको यो अभियानले आगामी निर्वाचनलाई थप प्रतिस्पर्धी र चासोपूर्ण बनाउने देखिएको छ ।

बकैया-५ मा जमबहादुर मोक्तानको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला कमिटी सदस्य सुबोध घलानले स्वागत गरेका थिए । त्यस्तै बकैया-६ जुनेलीबस्तीमा नेकपा बकैया गाउँपालिका अध्यक्ष पुष्पराज भोलनको अध्यक्षतामा भएको उपाध्यक्ष बाघसिंह भोम्जनले स्वागत गरेका थिए ।

# कैलाशमा २५५ जनामा एचपिभी खोप लगाइँदै



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ पाठेघरकोको मुखको क्यान्सर गराउने ह्युमन प्यापिलोमा भाइरसविरुद्धको राष्ट्रिय खोप कार्यक्रमअन्तरगत कैलाश गाउँपालिकाले २ सय ५५ जनालाई एचपिभी खोप लगाइने भएको छ । गाउँपालिकास्तरीय खोप समन्वय समितिले विहिबार अभिमुखीकरण कार्यक्रम गर्दै खोप सेवा सञ्चालन गरिने जनाएको हो ।

गाउँपालिका प्रमुअ प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कंडेलको अध्यक्षतामा अभिमुखीकरण कार्यक्रम गरिएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शर्माले क्यान्सर जस्तो जटिल रोगको निदान गरिनुपर्ने भन्दै विद्यालयमा सहज वातावरण निर्माण गरी खोप सञ्चालन गर्न निर्देशन दिएका छन् । कार्यतालिका बनाएर काम गर्न आग्रह गर्दै उनले वडातहबाट पनि आवश्यक समन्वय गरी लक्षितवर्गका किशोरी पहिचान गरी खोप लगाउनुपर्ने बताए ।

नेपालमा दैनिक सरदरमा ४ जनाको पाठेघरको क्यान्सरका कारण मृत्यु भइरहेको तथ्यांकले प्रष्ट पारेका छन् ।

कार्यक्रममा वडा ९ का अध्यक्ष भूवनसिंह घलानले गतवर्ष छुटेका किशोरीलाई समेट्दै यो खोप लगाउनुपर्ने बताएका छन् । उनले भौगोलिक विकटताले गर्दा विद्यालय बाहिर पनि लक्षित उमेर समूहका किशोरी रहेकाले वडातह र स्वास्थ्यकर्मीको साथमा विद्यालयले पनि सहयोग गरी खोपअभियान सञ्चालन गरिनुपर्ने बताए । यसवर्ष पालिकाभित्र २५५ जनामा खोप लगाइने स्वास्थ्य शाखाप्रमुख तिलकप्रसाद गौतमले बताए । विद्यालयका दुई सय जना र गतवर्ष छुटेका तथा विद्यालय बाहिरका ५५ जना गरी २५५ जनालाई खोप लगाइने गौतमले बताए ।

गाउँपालिकाको १० वटा सामूदायिक विद्यालयमा खोप अभियान सञ्चालन हुनेछ । जसमा वडा १ मा ९ जना, वडा २ मा २५ जना, वडा ३ मा ५४ जना, वडा ५ मा ९ जना, वडा ६ मा १९ जना, वडा ७ मा १९ जना र वडा ८ मा ८ जना, वडा ९ मा ३२ जना र वडा १० मा २५ जना छात्रामा खोप लगाइने गौतमले बताए । विद्यालयका कक्षा ६ मा अध्ययनरत छात्रालाई लगाइने यो खोप पाठेघरको मुखको क्यान्सरविरुद्ध हो । यसको रोकधाम गर्न प्राथमिक तहमा यस खोप दिने र यो खोप प्रारम्भिक किशोरावास्थामा दिनु बढी प्रभावकारी हुने भएकाले १०-१४ वर्षसम्मको उमेरमा दिइने स्वास्थ्यप्रमुख गौतमले बताए ।

उनका अनुसार पाठेघरको मुखको परीक्षण (स्क्रिनिङ) सामान्य अवस्थाका महिलाले भिआइए विधि (३० देखि ४९ समूह) हरेक ३ वर्षको अन्तराल र एचपिभी विधि ३० वर्ष उमेर माथिकाले हरेक ५ वर्षको अन्तररालमा गरिनुपर्ने बताए । क्यान्सर सुरुकै अवस्थामा निदान भयो भने उपचार गरेर निको हुने उनले बताए । गतवर्ष गाउँपालिकाभित्र एक हजार जनामा खोप लगाइने लक्ष्य राखिएता पनि ९५८ जनामा खोप लगाइएको गौतमले बताए । अभिमुखीकरणमा वडा ९ का वडाध्यक्ष घलान, वडा १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, वडा ४ का अध्यक्ष तिलकबहादुर मोक्तान, स्वास्थ्यचौकी ईन्चार्ज, विभिन्न शाखाप्रमुखहरुको उपस्थिति रहेको थियो ।

# दुई चरण निर्वाचनको प्रस्तावबाट पछि हटिन् प्रधानमन्त्री



काठमाडौं/नवलपुरको एक कार्यक्रममा भाग लिन पुगेकी प्रधानमन्त्री सुशीला कार्कीले हिमपात पर्ने क्षेत्रमा २१ फागुनमा निर्वाचन हुन नसके अर्को चरणमा गराउने बताएकी थिइन् ।

यद्यपि प्रधानमन्त्री कार्कीको जोड एकै चरणमा निर्वाचन गराउने भन्ने नै थियो । 'सरकारले जसरी पनि गराउँछ निर्वाचन । कहीँ रोकियो भने अर्कोपटक गराउँछ,' प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, 'थोरै (सानो क्षेत्र) ठाउँ भएकोमा त साधनको (सवारी साधन) प्रयोग गरेर, मान्छेलाई ओसारेर पनि गराउँला । त्यहाँ हुनै नसक्ने अवस्था हो भने विचार गरेर हुन्छ ।'

गत मंगलबार सञ्चार कर्मीहरूलाई संक्षेपमा प्रतिक्रिया दिने क्रममा प्रधानमन्त्री कार्कीले दिएको यस्तो अभिव्यक्तिप्रति दलहरूले आपत्ति जनाएका छन् । विशेषगरी नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले एकै चरणमा चुनाव हुनुपर्ने सार्वजनिक अडान लिए ।

बुधबार राजधानीमा आयोजित एक कार्यक्रममार्फत नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दुई चरणमा चुनाव हुन नसक्ने अडान लिए । 'म तपाईंलाई भन्न चाहन्छु । चुनाव हुन्छ नै, २१ फागुनमै हुन्छ । म सरकार लाई पनि के सुझाव राख्न चाहन्छु भने दुई चरण भनेर नगरियोस्, चुनाव एकै चरणमा होस्,' प्रचण्डले भने ।

प्रचण्डले यस्तो सुझाव दिइरहँदा एमालेले पत्रकार सम्मेलनमार्फत खबरदारी गरिरहेको थियो । एमाले उपाध्यक्ष रामबहादुर थापा बादलले प्रधानमन्त्री कार्कीको भनाइ उद्धृत गर्दै दुई चरणको कुराले चुनाव हुनेमै प्रश्न उठाएका थिए ।

प्रचण्ड र बादलले भन्दा चर्को स्वरमा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री कार्कीको भनाइप्रति आपत्ति जनाएका छन् । दुई चरणमा निर्वाचन गराउँदा निष्पक्ष निर्वाचन हुन नसक्ने र राज्यका संयन्त्रहरू दुरुपयोग गरिनसक्ने ओलीको शंका छ । 'उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको आँखाबाट एक मिनेट पनि, एक सेकेण्ड पनि बक्सा ओझेल पर्न सक्दैन । भोट सक्किएपछि तत्काल उम्मेदवारका प्रतिनिधिहरूको रोहबरमा गन्ने ठाउँमा पुऱ्याइनुपर्छ । र बाक्सा खोलेर तत्काल मत गनिनुपर्छ,' ओलीले अडान लिएका छन् ।

एमाले झापा-काठमाडौं सम्पर्क मञ्चको कार्यक्रममा प्रमुख वक्ता रहेका ओलीले दुईचरणमा निर्वाचन गराउँदा मतमेटिका दायाबायाँ हुन सक्ने शंका गरे । 'सुन्दैछु, हिमाली भेगमा निर्वाचन हुन नसक्ने भयो, त्यसैले दुई चरणमा निर्वाचन गर्ने,' ओलीले भने, '...अहिले पनि हामी भन्न चाहन्छौं, भ्याइँदैन भने मिति सार, एकै दिन निर्वाचन हुनुपर्छ । सोझै निर्वाचन भइसकेपछि मत गणना गरिनुपर्छ । धाँधली गरेर निर्वाचनको नाटक चल्दैन ।'

२१ फागुनको निर्वाचन सार्ने विकल्पमा आफूलाई खुला राखेका ओलीले निर्वाचनमा धाँधली भए देशमा अनिष्ट निम्तने चेतावनी नै दिए । 'म फेरि भन्न चाहन्छु- कुनै रोदन भन्ने नठान्नु होला, यो रोदन होइन,' ओलीले भनेका छन्, 'हन्ड्रेड पर्सेन्ट फ्रि फेयर इलेक्सन हुनुपर्छ, निर्भय बातावरणमा निर्वाचन हुनुपर्छ । पेलपाल चल्छ भन्ने सोचेको छ भने त्यो नसोच्दा हुन्छ । मैले अघि नै भने देशमा ठूलो अनिष्ट हुन्छ ।'

ओलीले आज बिहीबार बालुवाटार पुगेरै प्रधानमन्त्री कार्कीसँग कुरा गरेका छन् । आफू निकट नेता विष्णु रिमाल लिएर बालुवाटार पुगेका ओलीले निर्वाचनकै बारेमा कुरा राखेका थिए ।

प्रधानमन्त्री कार्कीसँग एकैचरणमा निष्पक्ष निर्वाचनको बातावरण बनाइनुपर्ने प्रस्ताव राखेका थिए । 'निर्वाचन निष्पक्ष, धाँधली रहित र एकै चरणमा हुनुपर्‍यो भन्ने ओलीजीको कुरा थियो,' बैठक स्रोतले भन्यो, 'उहाँहरूबीच एकै चरणमा चुनाव गर्नेगरी एक खालको बुझाइ भएर छलफल सकिएको छ ।'

सार्वजनिक अडान एमाले र नेकपाबाट सुनिए पनि अरु दलहरू समेत दुई चरणमा निर्वाचन गराउने प्रस्तावमा मञ्जुर देखिँदैन । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसे २१ फागुनकै तयारी गरिरहेको बताउँछन् । 'सरकारले पनि दुई चरणमा हुन्छ भनेको छैन । निर्वाचन आयोगले पनि एकैदिन गराउने तयारी गरिरहेको छ,' चालिसेले भने, 'अपुष्ट कुराको पछाडि हामी प्रतिक्रिया जनाएर बस्दैनौं ।'

दलहरूको आपत्ति देखिएपछि प्रधानमन्त्री कार्कीले २१ फागुनमा एकैदिन निर्वाचन हुने सार्वजनिक सन्देश दिएकी छन् । मतपत्र छपाइ भइरहेको जनक शिक्षा सामग्री केन्द्रको अवलोकन गर्दै प्रधानमन्त्री कार्कीले शंका मेट्ने प्रयास गरेकी थिइन् ।

'मतपत्रहरू हेर्ने काम भयो, हामीलाई लाग्यो कि अब निर्वाचन आयो । अब खाली जनताले छाप लाउन मात्र बाँकी छ,' मतपत्र छपाइको अवलोकनबाट बाहिरिँदै प्रधानमन्त्री कार्कीले भनिन् ।

नवलपुरमा आफूले बोलेको कुरालाई लिएर दलहरूले आपत्ति जनाएपछि प्रधानमन्त्रीले आज प्रष्ट शब्दमै भनिन्- एकैचरणमा निर्वाचन हुन्छ ।

'ढुक्क र निश्चिन्त हुनुस् । एकैदिनमा हुन्छ चुनाव । दुई चोटी हुनेवाला छैन, तोकिएकै मितिमा हुन्छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'मलाई लाग्छ मौसम पनि राम्रो हुनेछ । सबैले मतदान गर्न पाउनु हुनेछ । निर्वाचित प्रतिनिधि सभालाई सरकार हस्तान्तरण गर्छौं र आफ्नो घर जान्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# गल्ती स्वीकार्दै रमाइलो इभेन्ट्सले पत्रकारसँग माफी माग्यो


र
रमाइलो EVENTS
+977 9845027849
Reg No. 142673382

मिति २०८२ माघ २१ गते रमाईलो ईभेन्ट मार्फत आयोजना भएको नेपथ्य कन्सर्ट कार्यक्रममा समाचार संकलनका लागि नेपाल पत्रकार महासंघ मार्फत समन्वय हुने गरी पास वितरण गर्ने प्रतिबद्धता आयोजकको तर्फबाट रहेको थियो । तर कार्य व्यस्तताका कारण हामीले महासंघसंग समन्वय सकेनौं । समाचार संकलनका लागि पुगेका संचारकर्मीहरुलाई महासंघमा १५ वटा पास पठाएको भनी संरक्षामा खटिएका साथीहरुले भुलवश भनिएको कुराबाट नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको गरिमामा आच पुग्न गएकोमा हामी आत्मआलोचित हुदै क्षमायाचना गर्दछौं । आयोजकको तर्फबाट नेपाल पत्रकार महासंघ मकवानपुर शाखालाई पास दिईएको छैन । नदिएको पास दिईयो भन्ने सुचना सम्प्रेषण हुदा संस्थाको गरिमामा पुगेको क्षतिप्रति आयोजक रमाईलो ईभेन्ट माफी चाहान्छ । आगामी दिनमा यस्ता कमजोरी नरहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

रमाइलो ईभेन्ट

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ बुधबार साँझ भएको नेपथ्यको कन्सर्ट आयोजना गरेको रमाइलो इभेन्ट्सले गल्ती स्वीकार्दै सञ्चारकर्मीसमक्ष माफी मागेको छ ।

पत्रकार महासंघलाई १५ वटा प्रेसपास पठाएको भनेर गलत प्रचार गरेको रमाइलो इभेन्ट्सका प्रतिनिधिले आफूहरुबाट गल्ती भएको स्वीकारेको हो । कार्यक्रमको विषयमा जानकारी दिन पत्रकार सम्मेलन गरेर मिडियाको साथ खोजेको आयोजकले कन्सर्टको दिन भने पत्रकारलाई रिपोर्टिङमा रोक लगाउँदै पत्रकार महासंघलाई पास पठाइसकेको गलत हल्ला फैलाएको थियो । बिहीबार पत्रकार महासंघ मकवानपुरको अगुवाईमा जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा रमाइलो इभेन्ट्सका साकार शिवाकोटी, सजन न्यौपाने सहितको टोलीले गल्ती भएको स्वीकार्दै माफी मागेका हुन् ।

'पत्रकारको मानमर्दन गर्ने हाम्रो नियत थिएन । जानअनजानमा गल्ती भएकोमा हामी दु:खी छौं । माफी समेत चाहन्छौं', उनीहरुले भने । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुस्कर बोगटीसहित पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियन मकवानपुर अध्यक्ष सुवास बिडारी लगायतसँग उनीहरुले माफी मागेका हुन् । महासंघलाई पास नपठाएको र गलत हल्लाबाट महासंघ अध्यक्षसहित पत्रकारको मानमर्दन भएकोमा उनीहरुले माफी मागेका हुन् ।

कुनै कार्यक्रममा पत्रकार लाई बोलाउने वा नबोलाउने तथा प्रवेश दिने नदिने आयोजकको अधिकार भएको उल्लेख गर्दै महासंघ मकवानपुर अध्यक्ष अधिकारीले पत्रकारको नाम लिएर अनावश्यक र गलत हल्ला फैलाउने काम नगर्न रमाइलो इभेन्ट्ससहितका आयोजकलाई सचेत गराए ।

# तीन दिन प्रजातन्त्र दिवस मनाउने सरकारको निर्णय

काठमाडौं/सरकारले यस वर्ष तीन दिनसम्म प्रजातन्त्र दिवस मनाउने भएको छ । २००७ साल फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य गरी पहिलोपल्ट प्रजातन्त्र स्थापना भएको दिनको सम्झनामा सरकारले आउँदो फागुन ६, ७ र ८ गते मनाउने निर्णय गरेको हो ।

बिहीबार प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सिंहदरबारमा बसेको बैठकले तीन दिन प्रजातन्त्र दिवस मनाउने निर्णय गर्दै मूल समारोह समिति पनि गठन गरेको उनको सचिवालयले जनाएको छ । प्रधानमन्त्री अध्यक्ष रहने समितिमा नेपाल सरकारका मन्त्रीहरू, काठमाडौं उपत्यकाका सबै नगरपालिकाका प्रमुखहरू, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, नेपाल सरकारका सचिवहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू सदस्य छन् । गृह मन्त्रालयका सचिव मूल समारोह समितिका सदस्य-सचिव छन् । निर्णयअनुसार तीन दिनसम्म नेपालभर र विदेशस्थिति नेपाली दूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा विभिन्न कार्यक्रम गरिनेछ । मूल समारोहको कार्यक्रम काठमाडौंको सैनिक मञ्च, टुंडिखेलमा गरिनेछ ।

# नेगीलाई श्रीकृष्ण-तालुमाया नमूना स्मृति गजल सम्मान प्रदान गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ गजलकार कुमार नेगी 'पालुङ्गे चरो' लाई यसवर्षको श्रीकृष्ण-तालुमाया नमूना स्मृति गजल सम्मान २०८२ प्रदान गरिने भएको छ ।

आगामी फागुन २ गते आयोजना हुने २ सय ३३ औं गजलयात्रामा नेगीलाई नगद ५ हजार रुपैयाँ राशिसहित प्रमाणपत्रले सम्मान गरिने गजल मञ्च मकवानपुरका अध्यक्ष संजित श्रेष्ठले जानकारी दिए । साहित्यकार तथा गजल मञ्च मकवानपुरका पूर्वकार्यसमिति सदस्य भोला सिलवालले आफ्ना माता-पिता तथा छोरीको स्मृतिमा पुरस्कार स्थापना गरेका हुन् । वि.सं. २०५८ सालमा प्रकाशित कुमार नेगीको 'श्रीजनाका हातहरु' गजलसंग्रह मकवानपुरबाट प्रकाशित पहिलो गजल कृति हो ।



जिल्लाको गजल इतिहासमा पहिलो गजल कृति प्रकाशन गरी गजल विधाको विकास, श्रीवृद्धि र प्रवर्द्धनमा पुऱ्याएको योगदानको कदर स्वरुप नेगीलाई सम्मान प्रदान गर्न लागिएको गजल मञ्च मकवानपुरका अध्यक्ष श्रेष्ठले जानकारी दिए । यो सम्मानबाट यसअघि गजलकार अनिश न्यौपाने 'भावना' तथा गजल मञ्च मकवानपुरका संस्थापक एवं पूर्वअध्यक्ष दुर्गा लामिछाने 'नमूना' सम्मानित भइसकेका छन् ।

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
**हेटौंडा, नेपाल**

**पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालनसम्बन्धी जनहितमा जारी सन्देश**

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप सञ्चालन हुँदैछ। उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लिखित मितिमा खोप लागउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरू र विद्यालय नजाने १० वर्षका किशोरीहरूका लागि फागुन ०६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी. खोप लगाइँदैछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग सम्पर्क राखौं वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं ।

**जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना